

धमाधम बन्दै छन् प्रदेश सरकारका भवन

बुटवल । शिक्षालयको भवनमा दैनिक कामकाज चलाउँदै आएको लुम्बिनी प्रदेश सरकारले स्थायी राजधानी राप्ती उपत्याका दाङमा प्रशासनिक भवन निर्माण धमाधम गरिरहेको छ । प्रशासनिक संरचना निर्माणका लागि प्रदेश सरकारले तीन अर्ब ९ करोड बढीको लागत अनुमान गरेको छ ।

यसअघि राप्ती शिक्षालय रहेको ठाउँ र त्यसवरपर मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित ७ वटा मन्त्रालयको भवन निर्माणको काम आधाभन्दा बढी सकिएको छ । तीन वटा मन्त्रालयको भवनको जग खन्ने काम सुरु भएको छ । सुरुमा प्रदेशको अस्थायी मुकाम बुटवलमा थियो । बुटवलमा सरकारी तथा व्यवसायिक संस्थाका संरचनामा सरकारले कामकाज चलाएको थियो ।

अघिल्लो वर्ष बुटवलबाट राजधानी दाङ सारिएको थियो । अहिले राप्ती प्राविधिक शिक्षालयका भवनहरुमा करोड खर्चेर मन्त्रालय बसाइएको छ । स्थायी राजधानीमा थायी संरचना निर्माणमा सरकार लागिपरेको हो । यसका लागि धमाधम काम भइरहेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ ।

प्रशासनिक भवनमा मुख्यमन्त्री कार्यालयसहित १० वटा मन्त्रालय हुनेछन् । निर्माणको ठेक्का पाएको काम शर्मा-सगुन जेभीले सरकारको निगरानीमा धमाधम निर्माणको काम भइरहेको जनाएको छ । 'हामीले अहिले निर्माण भइरहेका भवनको काम समेर पुसभित्रै सरकारलाई हस्तान्तरण गर्नेछौं', 'निर्माण कम्पनीका असिस्टेन्ट म्यानेजर नारायण बाबु प्रधानले भने-'बल्ल जग राखिएका मन्त्रालय भवनको काम सक्न केही समय लाग्छ ।' निर्माणधीन अवस्थामा रहेको मुख्यमन्त्री कार्यालय भवन ६ तलाको हुनेछ । मन्त्रालय भवनहरु भने पाँच तलाको हुने तथा सबैमा अन्डरग्राउण्ड पार्किङ र लिफ्ट जडान गरिने छ । १७ विगाहा १९ कट्ठा ४ धुर जग्गामा प्रदेशको प्रशासनिक केन्द्र फैलिने छ ।

भवन निर्माण सम्झौताअघि नै सरकारलाई हस्तान्तरण गर्ने कम्पनीको योजना छ । ७ वटा भवनको फिनिसिङको काम भइरहेको भन्दै पुस मसान्त अगावै सरकारलाई हस्तान्तरण गर्ने गरी कामलाई तीव्रता दिइएको निर्माण कम्पनीको भनाई छ । हाल प्रदेश राजधानी परिसर दाङ भालुवाङस्थित राप्ती प्राविधिक शिक्षालयको जग्गामा छ । केही मन्त्रालयहरू त्यहाँकै अन्य सरकारी कार्यालयका साना भवनहरूमा छन् । उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय राप्ती गाउँपालिकाको कार्यालयबाट सञ्चालित छ भने स्वास्थ्य मन्त्रालय राप्ती गाउँपालिका वडा नं. ५ को कार्यालयमा र सामाजिक विकास मन्त्रालय राप्ती गाउँपालिका वडा नं. ८ को कार्यालयमा छ । त्यस्तै निर्देशनालयहरूले पनि भाडाकै घरबाट सेवा दिइरहेका छन् ।

२०७७ असोज २० मा प्रदेश सभाको दुई तिहाइ बहुमतले राजधानी राप्ती उपत्यका देउखुरी र नाम लुम्बिनी तोक्ने निर्णय गरेको थियो । अघिल्लो वर्ष मात्रै राजधानी दाङ सारिएको हो ।

Bhumikasthan Municipality

Contract Identification No.: 08/BMA/G/ST/080/81

PROCUREMENT OF Stationery and Supply Works

Invitation for Bids

Date of publication: 29-11-2023 (2080-08-13)

1. Bhumikasthan Municipality invites electronic bids from eligible bidders for the PROCUREMENT OF Stationery and Supply Works.under National Competitive Bidding - Single Envelope Bidding procedures.

2. Bidders may obtain further information and inspect the bidding document may visit PPMO website www.bolpatra.gov.np/egp.and download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np./egp.

3. Bidder who chooses to submit their bid electronically can download the bidding documents for e-submission from PPMO's e-GP system www. bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically should deposit the cost of NRs.1000/- as bidding document fee in the account as specified below:
Information to deposit the cost of bidding document in Bank:
- Name of the Bank: Parbhu Bank Ltd.
- Name of Office: Bhumikasthan Municipality Office
- Office Account no: 2587086986800138
- Account Name : Internal Revenue.

4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14-12-2023 13:00 hours at the office of Bhumikasthan Municipality ArghakhanchiLumbini Province Nepal. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format, amounting to a minimum of NRs.25,000/- which shall be valid for 30 days beyond the validity period of the bid.
Information to deposit the BID Security Amount in Bank:
- Name of the Bank: Parbhu Bank Ltd.
- Name of Office: Bhumikasthan Municipality Office
- Office Account no: 2587086986800048
- Account Name :Dharouti Account.

6. Pre-bid meeting shall be held at Bhumikasthan Municipality ArghakhanchiLumbini Province, Nepal at 08-12-2023 13:00 hours.

7. Electronic bids must be submitted to the office Bhumikasthan Municipality, Arghakhanchi, Lumbini Province, Nepal through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 14-12-2023 12:00 PM. Bids received after this deadline will be rejected.

8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14-12-2023 13:00 hours at the office of Bhumikasthan Municipality ArghakhanchiLumbini Province, Nepal.

9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

पाल्पाको....

गत आर्थिक वर्षभरि भने चार अर्ब ७० करोड रुपैयाँको निर्यात भएको थियो । आर्थिक वर्ष २०७८/७९ मा जम्मा ३५ करोड २२ लाख रूपैयाँको मात्रै निर्यात भएको थिया । चालु वर्षको हालसम्मको समग्र निर्यातमा प्लाइउडको योगदान चार प्रतिशत पुगेको छ । प्लाइउड उत्पादक संघका अध्यक्ष होमप्रसाद घिमिरेले चालु वर्षमै आठ अर्ब रुपैयाँको निर्यात पुऱ्याउने बताए ।

चालु वर्षभरि आइरन तथा स्टिलको निर्यात २० अर्ब रुपैयाँ, सिमेन्टको निर्यात १० अर्ब रुपैयाँ र प्लाइउड निर्यात आठ अर्ब रुपैयाँको पुऱ्याउने लक्ष्य व्यवसायीहरूले राखेका छन् । यसो हुँदा तीन किसिमका निर्माण सामग्रीको निर्यात मात्रै करिब ४० अर्ब रुपैयाँको पुग्ने आँकलन गरिएको छ । विगत लामो समय नेपालको निर्यातमा महत्वपूर्ण योगदान प्रशोधित तेलको थियो । पछिल्लो केही महिनादेखि प्रमुख निर्यातका सामानको सूचीबाट प्रशोधित तेल बाहिरिन थालेको छ ।

आर्थिक वर्ष २०७८/७९ को पहिलो चार महिनामा पाम, भटमास र सूर्यमुखी तेल ४७ अर्ब रुपैयाँको निर्यात भएको थियो । यो समयमा समग्र निर्यातमा यी तीन तेलको योगदान ५८ प्रतिशत थियो । पाम तेलको उत्पादन नेपालमा हुँदैन भने भटमास र सूर्यमुखीको उत्पादन नगन्य हुन्छ । यी तीनै प्रकारको तेल मलेसिया, इन्डोनेसिया, अर्जेन्टिना, ब्राजिल, चीन, टर्की, युक्रेन लगायत देशबाट आयात गरिन्थ्यो । अन्य देशबाट कच्चा उत्पादन लिएर कम्तीमा ३० प्रतिशतसम्मको मूल्य अभिवृद्धि गरेर निर्यात गर्ने सुविधा नेपाललाई छा तर भारतले वाणिज्य सन्धिको लाभ उठाएर ३० प्रतिशत पनि मूल्य अभिवृद्धि नगरेको शंका लागेपछि तेल निर्यातमा क्रमशः रोक लगाउँदै गएको थियो ।

आर्थिक वर्ष २०७८/७९ मा भारतले अन्य देशबाट पनि कच्चा तेलमा लाग्ने कर कटौती गरेको थियो । यसपछि नेपाल हुँदै जाने तेलको तुलनामा सम्बन्धित देशबाट मगाउन सस्तो पर्न गयो । आर्थिक वर्ष २०७९/८० को पहिलो चार महिनामा १६ अर्ब रुपैयाँको तेल निर्यात भएको थियो भने समग्र निर्यातमा योगदान २९ प्रतिशतमा झरेको थियो । चालु वर्षको चार महिनामा भने तीन प्रकारको तेलको निर्यात दुई अर्ब १२ करोड रुपैयाँको भएको छ । समग्र निर्यातमा तेलको योगदान चार प्रतिशतमा झरेको छ ।

विगत लामो समयदेखि नै नेपालको निर्यात भारतसँगको वाणिज्य सन्धिको लाभ उठाउँदै आयातित वस्तुमा निर्भर भएको देखिएको छ । नेपाल राष्ट्र बैंकको 'नेपालको वैदेशिक व्यापार प्रवृत्ति अध्ययन प्रतिवेदन-२०७६' अनुसार २०५० को दशकमा नेपालबाट विदेशी बजारमा सबभन्दा बढी निर्यात हुने वस्तु वनस्पति घ्यु थियो । वनस्पति घ्यु निर्यात हुने मात्रै होइन, आयातमा पनि अग्रस्थानमा थियो। नेपालमा सामान्य पनि मूल्य अभिवृद्धि नभएको थाहा पाएपछि भारतले यस्तो घ्युको आयातमा रोक लगायो । पछि पाम हुँदै समग्र तेलमा पनि भारतले यस्तो नीति लियो ।

आर्थिक वर्ष २०७८/७९ सम्म समग्र निर्यातमा आधा हिस्सा ओगटेको तेल अहिले नगण्य योगदानमा झरेको छ । तर निर्माण सामग्री लगायत नेपाली उत्पादनको निर्यात वृद्धिदरले समग्र निर्यातमा ठूलो गिरावट नआएको व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र (टिइपिसी) का अधिकारीहरू बताउँछन् । निर्माण सामग्री उत्पादक व्यवसायीहरूले भारतीय बजारमा माग निरन्तर बढ्दो क्रममा रहेको भन्दै थप बढाउन सकिने बताएका छन् । त्यस्तै स्टिल उत्पादक सौरभ रूपका अध्यक्ष विष्णु न्यौपानेले नेपाललाई तुलनात्मक लाभ भएको अन्तर्राष्ट्रिय बजारमा निर्यात सामग्रीको हिस्सा बढाउन सकिने बताए ।

अन्तर्राष्ट्रिय ...

उडानका लागि समन्वय गर्नुपर्ने लगायतका माग छन् ।

त्यस्तै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट हुने अन्तर्राष्ट्रिय उडानको कम्तीमा २५ प्रतिशत गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा सार्नुपर्ने, विमानस्थलमा सञ्चालनमा आउन नसकेका विद्युतीय उपकरण शीघ्र सञ्चालनमा ल्याउनुपर्ने माग पनि संघले राखेको छ ।

संघले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विमान सेवा कम्पनीलाई उडान तथा अवतरणमा दिएको सहुलियत थप एक वर्षसम्म निरन्तरता दिनुपर्ने पनि माग राखेको छ । नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष कृष्णप्रसाद शर्माले ४३ अर्ब बढी लगानीमा निर्माण भएको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र ८० अर्बको निजी क्षेत्रको लगानी भए पनि विमानस्थल सञ्चालनमा नआउँदा निजी क्षेत्र मर्कामा परेको बताए । ज्ञापनपत्र बुझ्दै पूर्वप्रधानमन्त्री देउवाले व्यवसायीको मागप्रति आफू सकारात्मक रहेको र विमानस्थल पूर्ण सञ्चालनका लागि आवश्यक पहल गर्ने बताए ।

लुम्बिनीमा ...

उनले बुद्धको सन्देश विश्वभर फैलाउन शान्ति घण्टीले ठूलो सहयोग गर्ने विश्वास व्यक्त गरे । 'नेपाल कोरियाबिच इतिहासजस्तै पूरानो, समुन्द्र जस्तो शान्त र हिमालजस्तै अग्लो सम्बन्ध छ' लुम्बिनी विकास कोषका अध्यक्ष समेत रहेका मन्त्री किराँतीले भने -'कोरियाले नेपालीहरुलाई रोजगारी दिएर र नेपालीहरुले पसिना दिएर सहयोग गरेका छौं, अब कोरियाली जनताले बुद्धभूमि लुम्बिनीको प्रचार गरेर सहयोग गर्नुपर्छ ।' उनले संसारभरका बुद्धमार्गीहरुलाई लुम्बिनी जाऔं भन्ने अभियान कोरियामा चलाउन घन्टी उद्घाटन समारोहमा सहभागी हुन आएका बौद्ध गुरु, भिक्षु भिक्षुणी, उपासक, उपासिकाहरुसँग अनुरोध गरे । 'नेपालीहरु पाहुनालाई भगवान मान्छौं, अब तपाईहरुले बुद्धभूमि लुम्बिनी जाऔं भन्ने अभियान चलाउनुहोला, परिवार सहित लुम्बिनीमा आउनुहोस् ।'- मन्त्रीले भने ।

उनले गौतमबुद्धलाई जन्म दिने आमा मायादेवीको चर्चा कम हुने गरेको बताउँदै अब लुम्बिनीमा आधुनिक प्रसुतीगृह निर्माण गर्नुपर्ने बताए । बुद्धजस्तै सन्तान जन्माउनका लागि मायादेवी प्रसुती अस्पताल निर्माण गर्नुपर्ने आवश्यकता रहेको बताउँदै विश्वका बौद्धधर्मालम्बीहरुलाई सहयोग गर्न मन्त्री किराँतीले आग्रह गरे ।

कार्यक्रममा लुम्बिनी विकास कोषका उपाध्यक्ष डा. ल्हारक्याल लामा (खेन्पो छिमे) का तर्फबाट सदस्य सचिव सानुराजा शाक्यले सन्देश वाचन गर्दै कोरियन शान्ति घन्टीको अनावरण र उद्घाटनको अवस्थसम्म ल्याउने भिक्षु गुरु सन्मुक हेजा र कोरियाका बौद्ध धर्मावलम्बीहरुलाई धन्यवाद दिए । उनले शान्ति घन्टीको अर्थ बुद्धको शान्ति र दयाको शिक्षाबाट विश्वमा द्वन्द्वको समाधान र शान्ति स्थापनाको सन्देशका रुपमा बुझ्नुपर्ने बताए ।

कार्यक्रममा शान्ति घन्टी स्थापना गर्ने कोरियाली बौद्ध धर्म गुरु सन्मुक हेजाले बुद्धजन्मस्थल लुम्बिनीमा स्थापित शान्तिको घन्टीले विश्वमा शान्ति स्थापनाका लागि सन्देश दिने विश्वास व्यक्त गरे । 'यो घन्टीको आवाज बुद्ध र बोधिसत्वको आवाज हो, बुद्धका ८४ हजार शिक्षाहरुले प्राणीहरुको पिडालाई राहात दिने प्रतिक हो' धर्मगुरु हेजाले भने -'बुद्धको जन्मस्थलबाट बज्ने घण्टीले बुद्धत्वको अवस्थामा नपुगेका साधकहरुलाई साहस र शक्ति प्रदान गर्नेछ र प्राणीहरुको पिडालाई आनन्दको आवाज दिनेछ ।'

घन्टी उद्घाटन समरोहमा लुम्बिनी बौद्ध विश्व विद्यालयका उपकुलपती प्रो डा. सुर्वलाल बज्रचार्य, कोरियाली बौद्ध धर्मका जोगे अर्डरका सचिव थेजुङ्सा नुङ्दकले बोल्दै बुद्धजन्मस्थलमा शान्ति घन्टी स्थापनाले धार्मिक वातावरण बनाउने बताए । उद्घाटन समरोहमा नेपालका लागि कोरियाली काउन्सीलर जीङ ही, बरिष्ठ पुरातत्वविद् बसन्त बिडारी, लुम्बिनी विकास कोषका योजना प्रमुख सरोज भट्टराई, वरिष्ठ निर्देशक ज्ञानिन राईलगायतको उपस्थिति थियो । यसअघि धर्मगुरु सन्मुक हेजाकै नेतृत्वमा २००७ मा कोरिया नेपाल मैत्री शान्ति पार्क, विश्व शान्तिका लागि प्रार्थना गर्ने स्मारकको निर्माण तथा अनावरण गरिएको थियो ।

लुम्बिनी प्रदेशसरकार

स्वास्थ्य मन्त्रालय

लुम्बिनी प्रादेशिक अस्पताल, बुटवल

बोलपत्रहरु स्विकृतिका लागि आशयको सूचना

सूचना प्रकाशित मितिः२०८०/०८/१३

यस अस्पतालबाट तपसिलमा उल्लेखित मितिमा प्रकाशित बोलपत्रहरुको सूचना अनुसार तपशिल बमोजिमको ठेक्काको सूचनामा उल्लेखित अन्तिम म्यादभित्र दर्ता भएका बोलपत्रहरु मुल्यांकन गर्दा सारभुत रुपमा प्रभावग्राही बोलपत्रहरु देहाय बमोजिम भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो आशयको सूचना प्रकाशित गरिएको छ ।

तपसिल

सूचना प्रकाशित मिति	ठेक्का नं.	बोलपत्रदाताको नाम ठेगानातथा स्वीकृत भएका बोलपत्रमा उल्लेखित सि.नं.हरु
२०८०/५/२०	LPH–NCB–GOODS–01–2080–081(Supply & Delivery of Hospital Medicine)	एक्साइड फार्मेसी बुटवल-८, रुपन्देही । जम्मा संख्या- ९ क्र.सख्या अनुसार 11, 126, 146, 265, 333, 349, 454, 474, 524 हिमसागर मेडिकल हल पोखराः जम्मा संख्या- ३५ क्र.सख्या अनुसार 42, 43, 51, 61, 67, 111, 124, 158, 193, 194, 257, 266, 267, 283, 300, 323, 330, 353, 357, 360, 365, 384, 392, 405, 407, 408, 415, 418, 447, 456, 469, 484, 502, 505, 514 कामना ड्रग डिष्ट्रिव्यूटर बुटवलःजम्मा संख्या- १९ क्र.सख्या अनुसार 1, 2, 13, 26, 28, 78, 81, 157, 170, 171, 194, 224, 244, 266, 267, 329, 385, 392, 446 कर्णजात फार्मासिटिकल प्रा.लि. बुटवलः जम्मा संख्या- ४० क्र.सख्या अनुसार 8, 15, 16, 17, 20, 23, 24, 25, 29, 38, 40, 41, 43, 49, 50, 53, 55, 92, 95, 127, 131, 138, 139, 142, 143, 145, 181, 215, 228, 280, 319, 354, 393, 402, 403, 411, 427, 473, 521, 532 मेडिहेवन ड्रग डिष्ट्रिव्युटर बुटवल-६, रुपन्देही । जम्मा संख्या- २४ क्र.सख्या अनुसार 12, 32, 54, 73, 83, 89, 112, 218, 223, 264, 276, 296, 298, 340, 348, 352, 371, 382, 413, 435, 438, 439, 465, 528 मेडप्लस फार्मा डिष्ट्रिव्युटर भरतपुर ।जम्मा संख्या- २१ क्र.सख्या अनुसार 10, 21, 22, 130, 132, 159, 220, 227, 260, 282, 297, 299 ,317, 342, 350, 377, 378, 379, 390, 406, 459 नयन मेडिसेल्स बुटवल-६ रुपन्देही जम्मा संख्या- ५ क्र.सख्या अनुसार 59, 84, 99, 141, 212 पर्ल मेडिटेक प्रा.लि. भरतपुर चितवन । जम्मा संख्या- ६४ क्र.सख्या अनुसार 18, 26, 35, 36, 44, 56, 62, 65, 66, 68, 82, 86, 90, 91, 92, 94, 97, 98, 101, 105, 108, 109, 110, 122, 166, 195, 196, 197, 207, 208, 210, 211, 256, 261, 262, 278, 284, 290, 310, 324, 325, 336, 338, 345, 351, 355, 356, 368, 374, 394, 395, 397, 399, 412, 416, 425, 426, 428, 429, 467, 480, 509, 511, 515 समबुद्ध मेडिको प्रा.लि. भरतपुर चितवनः जम्मा संख्या- २ क्र.सख्या अनुसार 93, 460 समुन्द्र मेडिको फर्मा बुटवल-१०, जम्मा संख्या- २० क्र.सख्या अनुसार27, 45, 74, 120, 121, 140, 161, 277, 326, 327, 367, 410, 419, 443, 444, 472, 478, 486, 487, 529 सर्जिमेड डिष्ट्रिव्यूटर्स प्रा.लि. धरान, सुनसरीः जम्मा संख्या- १४२ क्र.सख्या अनुसार 3, 4, 6, 7, 30, 31, 33, 34, 37, 46, 48, 56, 57, 58, 63, 69, 70, 72, 76, 88, 102, 113, 114, 115, 117, 123, 137, 154, 160, 164, 165, 168, 173, 175, 176, 177, 179, 198, 199, 200, 201, 202, 203, 204, 209, 213, 214, 216, 217, 219, 221, 225, 226, 229, 230, 231, 236, 237, 238, 239, 252, 253, 259, 263, 270, 275, 281, 287, 291, 292, 293, 294, 295, 303, 304, 311, 312, 313, 314, 315, 320, 327, 328, 331, 332, 334, 335, 337, 363, 364, 375, 376, 380, 388, 389, 391, 400, 402, 409, 414, 417, 423, 436, 437, 440, 441, 449, 450, 451, 452, 453, 461, 462, 463, 468, 471, 475, 476, 477, 479, 483, 485, 488, 489, 490, 491, 492, 501, 503, 504, 506, 507, 508, 510, 512, 517, 519, 522, 523, 526, 527, 530 सूर्य मेडिसेल्स प्रा.लि. बुटवल-६, रुपन्देहीः जम्मा संख्या- ३१ क्र.सख्या अनुसार 47, 60, 87, 92, 95, 100, 103, 104, 125, 135, 144, 149, 150, 183, 185, 186, 187, 250, 279, 339, 366, 442, 493, 494, 495, 496, 497, 498, 499, 500, 525 टि.आर. सप्लायर्स प्रा.लि. काठमाण्डौः जम्मा संख्या- १७ क्र.सख्या अनुसार 116, 129, 133, 155, 156, 188, 190, 233, 269, 302, 381, 383, 386, 401, 455, 457, 466
	LPH–NCB–GOODS–06– 2080–081(Supply& Delivery of DentalRelated Items)	डेण्टमार्ट इन्टरनेशनल काठमाण्डौजम्मा संख्या- ९३ क्र.सख्या अनुसार 1, 2, 5, 7, 8, 9, 12, 14, 15, 16, 17, 18, 20, 21, 22, 26, 27, 28, 30, 34, 35, 36, 37, 38, 39, 40, 41, 42, 43, 45, 46, 53, 55, 56, 59, 60, 63, 64, 68, 72, 73, 78, 79, 80, 85, 86, 92, 96, 100, 101, 104, 105, 106, 107, 108, 110, 111, 112, 114, 115, 118, 119, 139, 141, 142, 144, 148, 149, 150, 151, 152, 153, 154, 155, 159, 160, 161 ,162, 163, 166, 167, 172, 173, 176, 178, 179, 180, 181, 182, 183, 197, 205, 206 गार्ग डेण्टल प्रा.लि. काडमाण्डौजम्मा संख्या- ३० क्र.सख्या अनुसार 13, 21, 22, 23, 26, 27, 45, 47, 60, 62, 73, 75, 78, 79, 85, 86, 94, 100, 101, 109, 118, 119, 133, 134, 135, 136, 137, 141, 148, 183 युनिग्लोब हेल्थकेयर प्रा.लि. काठमाण्डौ जम्मा संख्या- २५ क्र.सख्या अनुसार 55, 58, 76, 77, 120, 121, 122, 123, 124, 125, 126, 127, 128, 156, 157, 158, 165, 170, 171, 177, 184, 185, 186, 187, 203 खिलुङ कालिका काठमाण्डौ जम्मा संख्या- ५४ क्र.सख्या अनुसार 3,4, 6, 10, 25, 29, 31, 44, 48, 49, 50, 51, 52, 54, 61, 65, 66, 67, 69, 70, 71, 74, 81, 82, 87, 88, 89, 91, 95, 97, 98, 99, 102, 103, 113, 116, 117, 130, 131, 132, 140, 143, 147, 164, 168, 169, 174, 175, 193, 194, 196, 198, 199, 204

मेडिकल सुपरिटेण्डेण्ट

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297